# प्राबिधिक शिक्षा तथा ब्यावसायिक तालीम परिषद्
# प्रदेश नम्बर ५ , बुटवल रुपन्देही

**शैक्षिक सत्र २०७६ /०७७ मा डिप्लोमा / प्रमाणपत्र तहको बर्गिकृत नि:शुल्क छात्रवृत्तिका को बैकल्पिक तथा उत्तीर्ण सुचिमा रहेका परीक्षार्थीहरु अध्ययन गर्न सिफारिस भएका शिक्षण संस्थामा भर्ना हुन जाने सम्बन्धी अत्यन्त जरुरी सुचना ।**

**तेस्रो पटक प्रकाशित मिति २०७६/०८/०५ गते**

प्राबिधिक शिक्षा तथा ब्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालयद्वारा मिति २०७६/०४/१८ गते बिहान ७:०० बजेदेखी संचालन भएको डिप्लोमा / प्रमाणपत्र तह तर्फ बर्गिकृत नि:शुल्क छात्रवृत्तिका लागि संचालित प्रबेश परीक्षामा सामेल भई उत्तीर्ण भएका मुख्य परीक्षार्थीहरु तोकिएको समयमा भर्ना नभई रिक्त हुन गएका कोटाहरुमा डिप्लोमा तथा प्रमाणपत्र तहको प्रबेश परीक्षा संचालन , छात्रवृत्ति बितरण एबम भर्ना सम्बन्धी निर्देशिका २०७४ ( दोस्रो शसोधन ) मा उल्लेख भए बमोजिम परीक्षा नियन्त्रण कार्यालयको मिति २०७६/०५/२१ गते गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सुचनाअनुसार प्राप्त हुन आएका विवरण बमोजिम रिक्त रहेका र शैक्षिक सत्र २०७६/ ०७७ देखि डिप्लोमा / प्रमाण पत्र तह संचालन गर्न स्विकृत्ति पाएका सामुदायिक विद्यालयमा प्राबिधिक शिक्षा(टेक्स) शिक्षण संस्थाहरुको रिक्त कोटाहरुमा मिति २०७६/०८/०४ गतेको निर्णयानुसार बैकल्पिक सुची तथा उत्तीर्ण मध्येबाट योग्यता क्रमानुसार यस प्रदेश अन्तर्गतका उल्लेखित संस्थाहरुमा आबश्यक कागजातहरु ( शैक्षिक प्रमाणपत्रहरु र प्रबेश पत्रको प्रतिलिपी ) सहित यो सुचना प्रकाशित भएको मितिले ७ दिन (२०७६/०८/११ गते )भित्र भर्ना हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।साथै नतिजाको बिबरण परिषद्को वेबसाइट www.ctevt.org.np र प्रदेश कार्यालयको वेबसाइट www.ctevtp5.org.np मा प्रकाशित गरिएको छ ।

उल्लेखित म्याद भित्र परीक्षार्थी भर्ना हुन नआई कोटा रिक्त रहन आएमा सम्बन्धित शिक्षण संस्थाहरुले रिक्त रहेको कार्यक्रम र परीक्षार्थीहरुको नाम , थर समेत उल्लेख गरी यस कार्यालयलाई अनिबार्य रुपमा भर्ना म्याद सकिएको ३ दिन भित्र ctevtprovince5@gmail.com मा पत्र पठाउन हुन समेत यसै सुचनाद्वारा जानकारी गराइन्छ ।

**पुनश्च : सिफारिस गरिएका संस्थाहरुमा कार्यक्रम संचालन नभएको खण्डमा सिफारिस भएका प्रशिक्षार्थीहरुलाई अन्य शिक्षण संस्थामा सम्बन्धित बिषयमा कोटा रिक्त रहेमा योग्यताक्रमानुसार सिफारिस गरिने छ ।**